# साप्ताहिक गतिविधि

वर्ष १ अङ्क १ २०७६ माघ १९ आइतबार

## सम्पादकीयः


### जाडोयाममा सजकता

मौसम बदली भई गाउँपालिकाका अधिकांश क्षेत्रमा हिमपातका कारण आम सर्वसाधारणको दैनिक जीवनयापन कष्टकर बन्न थालेको छ । जाडोयाममा वस्तुभाउलाई घाँसको जोहो, चिसोबाट बच्न न्यानो लुगाको व्यवस्था, दाउरा तथा इन्धनको पूर्व व्यवस्था गर्नुपर्ने आवश्यकता खड्किएको छ ।

मौसम चिसो हुँदा जीवहरुको शरिरमा तापक्रमको सन्तुलनका लागि कार्बोहाइड्रेट तथा चिल्लो पदार्थको बढी खपट हुने हुँदा छिटो छिटो भोक लाग्ने, पाचन प्रक्रिया छिटो छिटो चल्दछ ।

चिसो मौसममा राइनो समूहका भाइरसहरु बढी सक्रिय हुने र मानिसको भित्री प्रतिरोधात्मक क्षमता कमजोर हुने हुँदा रुघाखोकी जस्ता सिजनल फ्लूको बढी जोखिम हुने गर्दछ । चिसो मौसममा छालाको चिल्लोपना कमी हुने हुँदा रक्तसञ्चारका नलीहरु खुम्चिने, छाला फुस्रोपना भई छालासम्बन्धी रोग लाग्ने, खोकी, पखाला, ज्वरो आउने, कमजोरी महसुस हुने जस्ता लक्षण समेत देखिन्छन् ।

त्यस्तो अवस्थामा आत्तिइहाल्नुपर्ने अवस्था भने हुँदैन । चिसोसँग सम्बन्धित कुनै पनि लक्षण देखापरेमा न्यानो झोलिलो खानेकुरा खाने, न्यानो लुगा लगाउने, उमालेको पानी पिउने गर्नुका साथै तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरी स्वास्थ्यकर्मीबाट आवश्यक परामर्श लिनुपर्छ । छिमेक, वरपर कुनै व्यक्ति सिजनल फ्लू वा त्यस्तै प्रकारको लक्षण देखा परेमा नजिकको स्वास्थ्य संस्था, प्रहरी, वडा कार्यालय वा गाउँपालिकामा जानकारी गराएमा ठूलो धनजनको क्षति हुनबाट जोगिन्छ ।



**प्रकाशकः**

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व)

५ नं. प्रदेश नेपाल

## समुदायमा सरकारी वकील अन्तरक्रिया कार्यक्रम सम्पन्न




जिल्ला सरकारी वकील कार्यालय रुकुम (पूर्वी भाग) को आयोजना तथा श्री सिद्धचौर माद्यामिक विद्यालय लुकुमको व्यवस्थापनमा भूमे गाउँपालिका वडा नं. १ स्थित हातेमालो महिला भवनको हलमा मिति २०७६ माघ १२ गते आइतबारका दिन **समुदायमा सरकारी वकील अन्तरक्रिया कार्यक्रम** सम्पन्न भएको छ । श्री सिद्धचौर माद्यामिक विद्यालय लुकुममा अध्ययनरत छात्रछात्रा, स्थानीय यूवा तथा वुद्धिजिवी सहभागी उक्त कार्यक्रमको सहजीकरण प्रहरी नायब उपरीक्षक श्री गजसिद्धि बज्रचार्य, जिल्ला अदालतका श्रेस्तेदार, निमित्त जिल्ला सहन्यायाधिवक्ता र वैतनिक वकिलले गर्नुभएको थियो। कार्यक्रममा सहभागीहरुबाट बालविवाह, फौजदारी मुद्दा तथा देवानी मुद्दामा कसुर तथा सजाय सम्बन्धी कानूनी व्यवस्थाका बारेमा जिज्ञासा राखुका साथै स्थानीय तहको विकास, पारदर्शिता, उत्तरदायित्व र विद्यार्थीहरुले कानून विषयमा उच्च शिक्षा हासिल गर्दा हुने चुनौति र अवसरका बारेमा समेत जिज्ञासा भएको थियो। प्रश्नको उत्तरको सहजीकरणमा जिल्ला सहन्यायाधिवक्ता हरिबहादुर पुन मगरले कानून बनाउँदा लेखिइसकिएपछि कानूनी व्यवस्थाको संशोधन नभएसम्मको अवधिसम्म व्यवस्था भए बमोजिमको कानून कार्यान्वयन र परिपालना हामी सबैको कर्तव्य हुने कुरा दोहोऱ्याउँदै सबैले न्याय पाऊन् र अड्डा अदालतको ढोकासम्म कोही कसै पनि नपुगून् भन्ने कामना गर्नुभयो।

जिल्ला सरकारी वकील कार्यालय रुकुम (पूर्व)का निमित्त जिल्ला न्यायाधिवक्ता श्री हरिबहादुर पुन मगरको अध्यक्षतामा रहेको उक्त कार्यक्रममा भूमे गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरको प्रमुख आतिथ्यता रहेको थियो भने गाउँपालिकाका उपाध्यक्ष मनकुमारी बुढा विष्ट, प्रहरी नायब उपरीक्षक गजुसिद्धि बज्रचार्य, रुकुमकोट जिल्ला अदालतका श्रेस्तेदार, भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ, रुकुमकोट जिल्ला अदालतका वैतनिक वकील किरण गौतम, सिद्धचौर माद्यामिक विद्यालय लुकुमका प्रधानाध्यापक रामबहादुर पुन लगायत स्थानीय वुद्धिजिवी, विद्यार्थीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन जिल्ला सरकारी वकिल कार्यालय रुकुम (पूर्वी भाग) का नायब सुब्बाले गर्नुभएको थियो ।

## अति विपन्न परिवारलाई न्यानो कपडा वितरणः



मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम अन्तर्गत भूमे गाउँपालिकाको वडा नं. १ का १२ जना अतिविपन्न व्यक्तिहरुलाई चिसोबाट बच्न न्यानो कम्बल (ब्लाङ्केट) वितरण गरिएको छ । मिति २०७६।१०।१२ गतेका दिन भूमे गाउँपालिका वडा नं. १ लुकुमस्थित हातेमालो महिला भवनको हलमा गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरको हातबाट विपन्न व्यक्तिहरुलाई कम्बल वितरण गरिएको छ । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मनकुमारी बुढा विष्ट, प्रहरी नायब उपरीक्षक गजसिद्धि बज्राचार्य, रुकुमकोट जिल्ला अदालतका स्रेस्तेदार, जिल्ला सहन्यायाधिवक्ता हरिबहादुर पुन, भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ, वैतनिक वकिल किरण गौतम, वडा नं १ का वडाध्यक्ष रामचन्द्र पुन, सिद्धचौर माद्यामिक विद्यालय लुकुमका प्रधानाध्यापक रामबहादुर पुन लगायतको उपस्थिति रहेको थियो ।

२०७६।१०।१३ का दिन वडा नं. २, ३, ४ र ५ मा पनि गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरज्यू, उपाध्यक्ष श्री मनकुमारी बुढा विष्टज्यूको उपस्थितिमा अतिविपन्न परिवारलाई न्यानो कम्बल वितरण गरिएको छ । त्यसैगरी वडा नं. ६, ७, ८ र ९ का अतिविपन्न परिवारहरुलाई चिसो मौसमलाई मध्यनजर गर्दै मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको स्वीकृत कार्यक्रम बमोजिम न्यानो कम्बल वितरण गरिएको छ । वडा नं. १ बाट ८ जना, वडा नं. २ बाट ८ जना, वडा नं. ३ बाट १० जना, वडा नं. ४ बाट ७ जना, वडा नं. ५ बाट ७ जना गरी ४० जना अति विपन्न परिवारहरुले न्यानो कम्बल पाइसकेका छन् भने वडा नं. ६ बाट  जना, वडा नं. ७ बाट ८ जना, वडा नं. ८ बाट  जना र वडा नं. ९ बाट १२ जना अति विपन्न नागरिकहरुलाई न्यानो कम्बल वितरण गर्ने कार्यक्रम रहेको छ ।

**मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम अन्तर्गत न्यानो कम्बल बुझिलिनेहरुको विवरण**

| क्र.सं. | नाम थर | ठेगाना | बुझिलिएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | भिम बहादुर बुढा | भूमे १ | २०७६।१०।१२ | |
| २ | फुर्मान पुन | भूमे १ | २०७६।१०।१२ | |
| ३ | रुपसरी दमाई | भूमे १ | २०७६।१०।१२ | |
| ४ | हर्कजीत कामी | भूमे १ | २०७६।१०।१२ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | धनसुर दमाई | भूमे १ | २०७६।१०।१२ | |
| ६ | सिर बहादुर बुढा | भूमे १ | २०७६।१०।१२ | |
| ७ | धनमता पुन | भूमे १ | २०७६।१०।१२ | |
| ८ | बुद्धिमान घर्ति | भूमे १ | २०७६।१०।१२ | |
| ९ | देमु दमाई | भूमे २ | २०७६।१०।१३ | |
| १० | दिलमाया दमाई | भूमे २ | २०७६।१०।१३ | |
| ११ | दिलकुमारी दमाई | भूमे २ | २०७६।१०।१३ | |
| १२ | तेज बहादुर बुढा | भूमे २ | २०७६।१०।१३ | |
| १३ | नन्द बहादुर पुन | भूमे २ | २०७६।१०।१३ | |
| १४ | पल बहादुर नेपाली | भूमे २ | २०७६।१०।१३ | |
| १५ | कर्म बहादुर घर्ति | भूमे २ | २०७६।१०।१३ | |
| १६ | सिङ बहादुर पुन | भूमे २ | २०७६।१०।१३ | |
| १७ | मनिकर्ण रोका | भूमे ३ | २०७६।१०।१३ | |
| १८ | नर बहादुर पुन | भूमे ३ | २०७६।१०।१३ | |
| १९ | आसपुर सुनार | भूमे ३ | २०७६।१०।१३ | |
| २० | विर बहादुर कुवँर | भूमे ३ | २०७६।१०।१३ | |
| २१ | भिम बहादुर सुनार | भूमे ३ | २०७६।१०।१३ | |
| २२ | बुद्धविर विक | भूमे ३ | २०७६।१०।१३ | |
| २३ | जीत बहादुर कामी | भूमे ३ | २०७६।१०।१३ | |
| २४ | कालेनी कमेनी | भूमे ३ | २०७६।१०।१३ | |
| २५ | रामसुर सुनार | भूमे ३ | २०७६।१०।१३ | |
| २६ | रामसरी सुनार | भूमे ३ | २०७६।१०।१३ | |
| २७ | भिम बहादुर बुढा | भूमे ४ | २०७६।१०।१३ | |
| २८ | उजयराम पुन | भूमे ४ | २०७६।१०।१३ | |
| २९ | दिपक सुनार | भूमे ४ | २०७६।१०।१३ | |
| ३० | जमान बुढा | भूमे ४ | २०७६।१०।१३ | |
| ३१ | रण बहादुर कामी | भूमे ४ | २०७६।१०।१३ | |
| ३२ | सुक बहादुर रोका | भूमे ४ | २०७६।१०।१३ | |
| ३३ | लाटी बुढा | भूमे ४ | २०७६।१०।१३ | |
| ३४ | कर्णपूरा कामी | भूमे ५ | २०७६।१०।१३ | |
| ३५ | ढाँती दमाई | भूमे ५ | २०७६।१०।१३ | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | ठोते बुढा | भूमे ५ | २०७६।१०।१३ | |
| ३७ | इख बहादुर बुढा | भूमे ५ | २०७६।१०।१३ | |
| ३८ | लाल बहादुर बुढा | भूमे ५ | २०७६।१०।१३ | |
| ३९ | मनकुमारी कामी | भूमे ५ | २०७६।१०।१३ | |
| ४० | माया दमाई | भूमे ५ | २०७६।१०।१३ | |

## विश्व कुष्ठ रोग दिवस मनाइयो

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा ६७ औं विश्व कुष्ठ रोग दिवस मनाइएको छ । हरेक वर्षको जनवरी २६ मा कुष्ठ रोगको रोकथामका लागि मनाइने गरिएकोमा यस वर्ष माघ १२ मा पनि कुष्ठ रोग सम्बन्धी चेतना अभिवृद्धि गर्ने उद्देश्यले "कुष्ठ रोग विरुद्धको हाम्रो अभियान, भेदभावको अन्त्य; मानव अधिकारको सम्मान" भन्ने मूल नाराका साथ भूमे गाउँपालिकामा यो कार्यक्रम मनाइएको हो । भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा सहभागीहरुलाई कुष्ठ रोग रोकथाम तथा यसबाट बच्ने उपाय, कुष्ठ रोगका चिन्ह र लक्षणहरुका बारेमा गाउँपालिकाका जनस्वास्थ्य निरीक्षक उपेन्द्र यादवले सहजीकरण गर्नुभएको थियो । कुष्ठरोगका बारेमा समाजमा व्याप्त भ्रम चिर्ने तथा जोगिने उपायबारे सचेतना जगाउन माघ १३ देखि १ हप्तासम्म रेडियो पूर्वी रुकुमबाट समेत जनचेतनामूलक सन्देश प्रशारण गर्ने व्यवस्था मिलाइएको छ ।

## ज्येष्ठ नागरिक परिचयपत्र वितरण

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगरले ज्येष्ठ नागरिक परिचयपत्र वितरण शुरु गरेको छ । भूमे गाउँपालिका वडा नं. ३ क्याङ्सी निवासी ७५ वर्षीय मुल बहादुर रोका भूमे गाउँपालिका कार्यालयबाट ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्ने पहिलो व्यक्ति हुनुभएको छ । नेपालको संविधान र अन्य व्यवस्था बमोजिम ज्येष्ठ नागरिकहरुले आफ्नो हक, अधिकार र सुविधा प्राप्त गर्न ज्येष्ठ नागरिक परिचयपत्र साधन भएकाले



परिचयपत्र महत्वपूर्ण भए पनि ग्रामीण भेगमा ज्येष्ठ नागरिक परिचयपत्रको प्रयोग र औचित्यता कम हुने गरेको साथै ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र लिनुपर्छ भन्ने कुरा थाहा नभएकाले पनि ज्येष्ठ नागरिक परिचयपत्र बनाउन नआएको पाइएको छ । ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ बमोजिम ६० वर्ष उमेर पुगेको नेपाली नागरिकलाई ज्येष्ठ नागरिक प्रदान गर्न सकिने व्यवस्था बमोजिम महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले तोकेको ढाँचा बमोजिम जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयबाट प्रदान गर्रिदै आएको ज्येष्ठ नागरिक परिचयपत्र हाल स्थानीय तहबाट वितरण भैरहेको भएता पनि गाउँपालिका कार्यालयमा हालसम्म ज्येष्ठ नागरिक परिचयपत्र बनाउन कोही पनि आएका थिएनन् । हाल साठी वर्ष उमेर पुगेका नेपाली नागरिकले वडाको सिफारिश, तीन प्रति नागरिकता साइजको फोटो र निवेदन गाउँपालिका कार्यालयमा पेश गरेमा निवेदन पेश गरेकै दिन परिचयपत्र प्राप्त गर्न सकिने व्यवस्था रहेको छ ।

## बजार अनुगमनबाट करिब ७३ हजार बराबरको म्याद नाघेको वस्तु नष्ट

भूमे गाउँपालिकाको अगुवाई तथा जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उद्योग विकास समितिको सहजीकरणमा मिति २०७६ साल माघ १८ गते शनिबारका दिन भूमे गाउँपालिका वडा नं. ६ को महत बजार र वडा नं. ७ को धर्मशाला बजारमा संयुक्त बजार अनुगमन तथा उपभोक्ता जागरण कार्यक्रम सम्पन्न भएको छ ।



भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व) र घरेलु तथा साना उद्योग विकास समिति रुकुम (पूर्व) को संयुक्त टोलीद्वारा महत र धर्मशालाका २१ वटा पसलहरुमा अनुगमन गर्दा अधिकांश पसलहरु दर्ता तथा नवीकरण नभएको, मूल्य सूची नराखिएको, पसलमा सामानहरु अव्यवस्थित रुपमा राखिएको, उपभोग्य सामाग्रीहरु उपभोग्य मिति नाघेको, स्वास्थ्यलाई असर गर्ने खाद्य पदार्थ राखिएको जस्ता कैफियत देखिएको थियो। अनुगमनका क्रममा विभिन्न पसलहरुबाट उपभोग्य मिति नाघेका आटा, पिठो, बिस्कुट, चकलेट, सफ्ट ड्रिङ्क (कोक, फेन्टा, ड्यू आदि), बियर, सस, खाने तेल लगायतका करिब

७३००० (त्रिहत्तर हजार) मूल्य बराबरका बस्तुहरु बरामद गरी बिक्रेता, स्थानीय उपभोक्ता, जनप्रतिनिधि र प्रहरी समेतको उपस्थितिमा नष्ट गरिएको छ । उपभोक्ताको स्वास्थ्यलाई गम्भीर असर पार्ने खालका म्याद नाघेका वस्तुहरु नष्ट गर्नुका साथैं उपभोग्य वस्तुहरु खरिद तथा उपभोग गर्दा उपभोक्ता, व्यापारीहरुले ख्याल गर्नुपर्ने कुरा, म्याद नाघेका वस्तु उपभोग गर्दा स्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव र उपभोक्ता हक हित संरक्षण र अधिकारका बारेमा सहायक प्रमुख जिल्ला अधिकारी श्रवण कुमार साहबाट सुसूचित गराउनुभएको थियो ।

अनुगमन कार्यमा नायब प्रहरी उपरीक्षक गजसिद्धि बज्राचार्य, सहायक प्रमुख जिल्ला अधिकारी श्रवण कुमार साह, प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ, वडाध्यक्ष देव बहादुर बुढा, जनस्वास्थ्य निरीक्षक उपेन्द्र यादव, वडा समितिका सदस्यहरु, घरेलु तथा साना उद्योग विकास समितिका प्रतिनिधिहरु, नेपाल प्रहरी लगायतको सहभागिता रहेको थियो ।

यसअघि पनि गाउँपालिका, जिल्ला प्रशासन र घरेलु तथा साना उद्योग विकास समितिको संयुक्त टोलीले दशैं तिहार नजिकको समयमा दोमही, सिसाघारी, खाबाङ बगर, त्रिवेणी काँक्री, लुकुम बजारका पसलहरुमा अनुगमन गर्दा पनि यस्तै प्रकृतिको कैफियत देखिनुका साथै ठूलो मात्रामा म्याद नाघेका वस्तुहरु बरामद गरी नष्ट गरेको थियो । उपभोग्य सामाग्रीको उपभोग्य मिति नाघेका सामाग्री भेटिनुमा स्थानीय बिक्रेता र उपभोक्तालाई सो सम्बन्धमा पर्याप्त जानकारी नहुनु, सप्लायर्स तथा गोदामहरुबाट दूर्गम र ग्रामीण भेगहरुमा म्याद सकिएका वा कम म्याद भएका सामाग्री पैठारी गर्नु प्रमुख कारण रहेको कुरा उपभोक्ता र स्थानीय व्यापारीहरुले राखेको धारणा र वस्तुको म्याद नाघेको अवधि र संलग्न बिल बिजकबाट पुष्टि समेत भएको छ । यस किसिमको अनुगमन कार्यबाट बिक्रेता तथा उपभोक्ताहरु उपभोक्ता हक हित संरक्षण तथा उपभोग्य सामाग्रीहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने कुरामा जानकारी प्राप्त गर्नुका साथै स्थानीय व्यापारी र उपभोक्ता आफैं सचेत भएर म्याद नाघेका वस्तुको बिक्री नहुने, सबै व्यापारीहरु करको दायरामा आई कानूनसम्मत ढङ्गले व्यापार व्यवसाय गर्ने र उपभोक्ता हक हित संरक्षणमा टेवा पुग्ने विश्वास गाउँपालिकाले लिएको छ ।

## गाउँ कार्यपालिकाको बैठक बारे सूचना !

भूमे गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरज्यूको निर्देशानुसार गाउँ कार्यपालिकाको बैठक निम्न मिति समय र स्थानमा बस्ने भएकाले सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरुलाई उपस्थितिका लागि निमन्त्रणा गर्दछु ।

**मितिः** २०७६ माघ २२ गते बुधबार ।

**समयः** बिहान ११:०० बजे ।

**स्थानः** गाउँ कार्यपालिकाको बैठक कक्ष

प्रमुख प्रशासकीय अधिकृत

## यो साताको शाखागत प्रगति

| शाखा/इकाई/केन्द्र | मुख्य मुख्य कामको विवरण |
|---|---|
| आर्थिक प्रशासन शाखा | • *यस अघि भएका खर्च तथा आम्दानीको विवरण सूत्र प्रणालीमा प्रविष्ट कार्य सम्पन्न*<br>• *स्वास्थ्यतर्फका कर्मचारीहरुको नपुग तलब तथा कार्यक्रम बजेट माग* |
| **सामाजिक विकास शाखा** | |
| क) स्वास्थ्य इकाई | • *दादुरा खोप अभियानका लागि १७९ भाइल भ्याक्सिन माग तथा ४६ खोप केन्द्र निर्धारण*<br>• *१७७९ AD सिरिन्ज, ४९ सेफ्टी बक्स, २०२ घोलक सिरिञ्ज, १७९ घोलक माग*<br>• *कुष्ठ रोग विरूद्ध हाम्रो अभियानः भेदभावको अन्त्य; मानव अधिकारको सम्मान नारा सहित विश्व कुष्ठ रोग दिवस मनाइयो*<br>• *विपन्न नागरिक उपचार सिफारिश १*<br>• *स्वास्थ्यतर्फको कार्यक्रमका लागि नपुग रकम तयार गरी माग*<br>• *१० प्रकारका अपाङ्गता अभिलेखीकरणका लागि मस्वासेहरुलाई अभिमुखीकरण*<br>• *आँखा नाक घाँटी मुख स्वास्थ्य सम्बन्धी मस्वासे र स्वास्थ्य शिक्षकहरुलाई ५ वटै स्वास्थ्य संस्थामा अभिमुखीकरण सम्पन्न* |
| ख) महिला, बालबालिका तथा समाज कल्याण इकाई | • *जनशक्ति नभएको* |
| ग) सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई | • *घटना दर्ता किताब तथा प्रमाणिकरण सम्पन्न*<br>• *घटना दर्ता किताब excel entry तर्फ वडा नं. १ को बसाइसराइ दर्ता किताब सम्पन्न* |
| **पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा** | |
| क) भवन तथा मापदण्ड कार्यान्वयन इकाई | • *घर सम्पन सिफारिशका लागि निवेदन दर्ता (प्रक्रियामा)* |
| ख) सडक तथा अन्य पूर्वाधार विकास इकाई | • *त्रिवेणी मारिङ बागतारे गुनाम सडक सर्वे*<br>• *धर्मशाला भित्रीवन चुनबाङ सडक सर्वे*<br>• *झुम्लाबाङ क्याङ्सी खाबाङबगर सडक सर्वे*<br>• *तालिम हल भवनको लागत अनुमान तयार*<br>• *ढल निकास काँक्रीको लागत अनुगमान*<br>• *काँडा ढल निकास, खानेपानी, मन्दिर निर्माण, दलित महिला भवन, मोराबाङ फिल्ड निर्माण, नमूना आवि मोराबाङ घेराबारको अन्तिम अनुगमन तथा मूल्याङ्कन* |

| | |
|---|---|
| ग) वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन इकाई | • *खानेपानी तथा सरसफाई सम्बन्धी रणनीतिक कार्ययोजना बमोजिम ५ वटा वडाहरुमा सघन कार्यक्रम अन्तर्गत डस्टबिन स्थापना* |
| प्रशासन, योजना तथा अनुगमन शाखा | |
| क) प्रशासन इकाई | • *अनाथ बालबालिकाहरुको तथ्याङ्क सङ्कलनका लागि वडाहरुलाई परिपत्र*<br>• *नवनियुक्त कर्मचारीहरुको नियुक्ति तथा पदस्थापन*<br>• *जनता आवास कार्यक्रमका लागि माग संकलन गरी सम्बन्धित निकायमा पठाइएको*<br>• *वडा नं. ६ को महत र वडा नं ७ को धर्मशालामा बजार अनुगमन गरी उपभोग्य मिति नाघेका करिब ७३००० मूल्य बराबरका उपभोग्य वस्तु बरामद गरी नष्ट गर्नुका साथै जनचेतना कार्यक्रम सम्पन्न* |
| ख) राजस्व इकाई | • *गाउँ कार्यपालिकाको कार्यालयबाट विभिन्न सेवा वापत ९६५०।– राजस्व आम्दानी* |
| ग) योजना तथा अनुगमन इकाई | • *६ वटा योजनाहरुको अनुगमन सम्पन्न*<br>• *हालसम्म वडा नं १, ३, ४, ५ र ८ को उपभोक्ता समिति विवरण अद्यावधिक*<br>• *योजना कार्यान्वयनका क्रममा देखिएका समस्याहरु समेटी अपनाउनुपर्ने कार्यविधि/प्रक्रियाहरुको बारेमा परिपत्र* |
| घ) कानूनी मामिला इकाई | • *पछिल्लो राजपत्र प्रकाशनको तयारी भैरहेको* |
| शिक्षा, यूवा तथा खेलकूद शाखा | • *कक्षा ८ को परीक्षाका लागि फाराम वितरण*<br>• *प्रअ बैठकका लागि तयारी* |
| सूचना तथा अभिलेख केन्द्र | • *WASH सम्बन्धी गणकहरुलाई तालिम सम्पन्न*<br>• *सामाजिक सुरक्षा लाभग्राही विवरण अद्यावधिक*<br>• *मन्त्रालय विभाग तथा अन्य कार्यालयबाट प्राप्त पत्र, परिपत्र तथा सूचनाहरु सम्बन्धित पदाधिकारी/कर्मचारी तथा शाखाहरुमा पेश*<br>• *कार्यालयको वेबसाइट अपडेट*<br>• *विभिन्न शाखाहरुमा कम्प्यूटर सम्बन्धी समस्या समाधान र सपोर्ट* |
| कृषि सेवा केन्द्र | • *तालिम सामाग्री खरिदका लागि रुकुमकोट*<br>• *कृषि पकेट क्षे तथा कृषक पहिचानको प्रारम्भिक सर्वेक्षण कार्यक्रमका लागि गणकहरुलाई १ दिने प्रशिक्षण तालिम*<br>• *लुकुम स्याउ फर्ममा प्राविधिक सहयोग* |

| | |
|---|---|
| | • *दोस्रो चौमासिक कार्यक्रमको लागत अनुमान* |
| पशु सेवा केन्द्र | • *मिति २०७६।१०।१० गते भूमे ७ तामारीमा धरमपानी भैंसीपालन कृषक समूह गठन*<br>• *मिति २०७६।१०।१२ मा भूमे ८ कोर्जामा तलिगाउँ भैंसीपालन कृषक समूह गठन*<br>• *मिति २०७६।१०।१३ गते भूमे ३ मोराबाङ भैंसीपालन कृषक समूह गठन* |
| बहुक्षेत्रीय पोषण योजना कार्यक्रम | • *वडा नं ४ र ५ मा वडास्तरीय खाद्य सुरक्षा तथा पोषण समितिको बैठक सम्पन्न*<br>• *३५० सेट च्याउ र १७५ सेट (८ आइटम) तरकारीको बीउ वितरण*<br>• *सुनौला हजार दिनका आमाहरुलाई कुखुरा वितरणका लागि समूह गठन* |
| खानेपानी तथा सरसफाई योजना (वास) इकाई | • *हालसम्म १८ वटा फाराम मोबाइल एप mWater प्रणालीमा प्राप्त भई सम्पादन बाँकी*<br>• *खानेपानी तथा सरसफाई सम्बन्धी डाटा कलेक्सनका लागि छुट गणकहरुलाई बोलाई अभिमुखीकरण*<br>• *सिस्ने गाउँपालिकाको वास योजना तर्जुमाका लागि गणकहरुलाई एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न*<br>• *सबै वडाका गणकहरुलाई फोन गरी तथ्याङ्क संकलन शीघ्र गर्न तथा नबुझेको सोधन समन्वय भैरहेको* |

## अपाङ्गता हुनु कुनै पूर्वजन्मको कर्मको फल वा अभागी केही पनि होइन। सपाङ्ग व्यक्ति जो कोही पनि अपाङ्ग हुन सक्छ; अपाङ्गता हुनुका केही कारणहरु :

| शिशु जन्मने क्रममा हुने कारणहरु | शिशु जन्मेपछिका कारणहरु | शिशु जन्मनु अघिका कारणहरु |
|---|---|---|
| • बच्चा जन्मने क्रममा सङ्क्रमण हुनु | • समय नपुगिकन बच्चा जन्माउनु | • गर्भवती आमाले पोषणयुक्त खाना खान नपाउनु |
| • व्यथा लाग्ने एवं पिडादायक हुनु | • बच्चा जन्मेको २ मिनेट भित्र सास नफेर्नु | • गर्भवती आमाले जथाभाभी औषधीको सेवन गर्नु |
| • बच्चा जन्मने क्रममा चोटपटकहरु लाग्नु | • कुपोषण र धैरै समयसम्म स्तनपान गर्न नपाउनु | • चोटपटक लाग्नु |
| • सुत्केरी व्यथा छोटो पार्न सुईको बढी प्रयोग गर्नु | • समयमै खोप नलगाउनु | • गर्भवती आमालाई दादुरा लाग्नु |
| • औजारहरुको प्रयोगबाट शिशु जन्मनु | • दर्घटनाहरु हुन जस्तै पोलाई,सडक दुर्घटना। | • १८ वर्ष मुनि र ३५ वर्ष माथि पहिलो पटक गर्भवती हनु। |
| • फोहोर ठाँउमा प्रशव गर्नु गराउनु | • जथाभावी औषधीको सेवन गर्नु | • गर्भवती आमाले बढी मात्रामा एक्सरे गर्नु |
| | • शल्य चिकित्साको गलत प्रयोग | • विषाक्त खाने कुराहरु सेवन गर्नु |
| | • युद्धको प्रभाव | • नजिकको नातेदारसंग विवाह गर्नु |
| | • वंशाणुगत एवं जन्मजात कारणहरु | • जन्मजात तथा वंशाणुगत कारणहरु |

***त्यसैले हामीले दैनिक बोलचालमा प्रयोग गर्ने भाषा वा शब्दले अपाङ्गता भएका व्यक्तिको चित्त दुखेको त छैन !***

## अपाङ्गता भएका व्यक्तिहरुलाई सम्बोधन गर्दा प्रयोग गर्नुपर्ने मर्यादित/सही शब्दावली :

| क्र.स. | गलत (अमर्यादित शब्द) | | क्र.स. | सही (मर्यादित)शब्द | |
|---|---|---|---|---|---|
| १ | असामान्य विशेष क्षमता भएका र फरक क्षमता भएका | × | १ | अपाङ्गता भएका व्यक्ति | √ |
| २ | सामान्य स्वास्थ्य | × | २ | अपाङ्गता नभएका व्यक्ति | √ |
| ३ | लुलो, कुँजो, खोरेन्डो, बामपुड्के, डुँडो, बाउन्नवीर र खुडें | × | ३ | शारीरिक अपाङ्गता भएको व्यक्ति | √ |
| ४ | कानो र अन्धो | × | ४ | दृष्टिविहिन, न्यून दृष्टियुक्त | √ |
| ५ | बहिरो र वक्क लाटो | × | ५ | बहिरा व्यक्ति, सुस्त श्रवण | √ |
| ६ | लठेब्रो, गोज्याङग्रो र सुस्त मनस्थिति | × | ६ | बौद्धिक अपाङ्गता भएका व्यक्ति | √ |
| ७ | भकभके / हकला | × | ७ | स्वर बोलाई सम्बन्धि अपाङ्गता भएका व्यक्ति | √ |
| ८ | पगल, बौलाह | × | ८ | मनोसामाजिक अपाङ्गता भएका व्यक्ति | √ |
| ९ | लाटो अन्धो | × | ९ | श्रवण-दृष्टिविहिन | √ |
| १० | बुढा/बुढी | × | १० | जेष्ठ नागरिक | √ |
| ११ | विधवा | × | ११ | एकल महिला | √ |